आज मिति २०७८/०६/१९ गते मंगलबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा विभिन्न प्रस्तावहरु उपर छलफल गरी देहायानुसार निर्णय गरीयो।

उपस्थिती:

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री फेन्चोक छेप्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| | श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| | श्री ज्ञानेन्द्र शर्मा | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| | श्री छिन नाम्ग्या गुरुङ | कार्यपालिका सदस्य |
| | श्री नविन कुमार गुरुङ | कार्यपालिका सदस्य |
| | श्री तेन्जिङ नाम्गेल गुरुङ | कार्यपालिका सदस्य |
| | श्री राप्के गुरुङ | कार्यपालिका सदस्य |
| | श्री साङ्गो छिरिङ गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुल कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री लक्ष्मी कुमारी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री देवी गुरुङ | कार्यपालिका सदस्य |
| | श्री फुलमाया वि.क. | कार्यपालिका सदस्य |
| | श्री छिरीङ आङ्ग्याल गुरुङ | कार्यपालिका सदस्य |
| | **अन्य उपस्थिति** | |
| | श्री सुदर्शन पौडेल | प्रशासन अधिकृत |
| | | |
| | | |

प्रस्ताव तथा छलफलका विषयहरु:

१) निर्माणकार्य सम्बन्धमा।

२) म्याद थप सम्बन्धमा।

३) स्थानीय विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।

४) वाल दिवसमा भएको खर्च भुक्तानी सम्बन्धमा।

निर्णयहरु

१) यस अघिको कार्यपालिकाको वैठकबाट वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को लागि छनौट भएका सम्पुर्ण योजनाहरुको निर्माण कार्य उपभोक्ता समितिबाट गराउने की बोलपत्र बिधिबाट गर्ने भन्ने सम्बन्धमा मिति २०७८/०५/२४ गतेको कार्यपालिकाको वैठकबाट गाउँपालिका भित्रका जनताहरुको राय बुझि अर्को वैठकबाट निर्णय गर्ने भनि निर्णय भएको र सो बमोजिम प्राप्त राय अनुसार उपभोक्ता समितिबाट निर्माण गर्न मिल्ने योजनाहरुको निर्माण कार्य यस अगाडिका आर्थिक वर्षमा झै उपभोक्ता समितिबाटै गराउने निर्णय गरियो। साथै नियमानुसार बोलपत्र बिधिबाट सम्पन्न गर्नुपर्ने र जटिल खालका योजनाहरु भने बोलपत्र बिधिबाटै गराईनेछ।

२) यस गाउँपालिकामा आर्थिक वर्ष २०७७/७८ मा सञ्चालित योजना "लुप्रा स्कुल विल्डिङ कन्स्ट्रक्शन वर्कस (Contract ID: VMRM/NCB/W/01/077/078) को निर्माणकार्यको डोल्पो कन्स्ट्रक्शन प्रा.लि. सँग ठेक्का सम्झौता भएकोमा उक्त निर्माण कार्यको कोभिड -१९ एवं वर्षा सँगै बाटो अवरुद्ध भएका कारण निर्धारित समयमा सम्पन्न हुन नसकेकोमा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७८/०५/२१ को पत्रसँग प्राप्त नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८/०५/०३ को निर्णयका आधारमा उक्त ठेक्का सम्झौताको म्याद २०७८ चैत्र मसान्त सम्म थप गर्ने निर्णय गरियो । त्यस्तै, वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य ठेक्का नं. 01/BMRM/NCB/W/075/76 को श्री गिता/ श्री क्रियटिभ जे.भि. सँग ठेक्का सम्झौता भई मिति २०७८ असोज ११ सम्म म्याद कायम रहेकोमा कोभिड १९ एवं वर्षाका कारण कामदार परिपुर्ति एवं सामान ढुवानी कार्यमा अवरोध भई निर्धारित समयमा कार्य सम्पन्न हुन नसकेको सन्दर्भलाई मध्यनजर गर्दै उक्त निर्माण कार्यको समेत नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७८/०५/२१ को पत्रसँग प्राप्त नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८/०५/०३ को निर्णयका आधारमा ठेक्का सम्झौताको म्याद २०७८ चैत्र मसान्त सम्म थप गर्ने निर्णय गरियो । र उक्त ठेक्का सम्झौताहरुको निर्माण कार्य गरिरहेको कम्पनिहरुले नियमानुसार कार्यसम्पादन जमानतको समेत म्याद थप गरि कार्यालयमा प्रमाण पेश गर्न निर्देशन दिने निर्णय गरियो।

३) वर्षा सँगै गाउँपालिकाको बिभिन्न क्षेत्रमा आएको बाढिका कारण क्षति पुगेको अवस्थामा सो क्षति वापतको रकम गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट दिने भनि विभिन्न मितिमा गाउँपालिकाको स्थानिय विपद व्यवस्थापन समितिबाट सिफारिस भइ आएको हुँदा तपशिल बमोजिमका कार्यहरुको भुक्तानी विपद व्यवस्थापन कोषबाट दिने निर्णय गरियो।

तपशिलः

क) कागबेनी-जोमसोम सडक खन्ड अन्तर्गत पाण्डा खोलामा, लुप्रा सडक, शाङ्ता सडक र कागबेनी सिंचाई तथा घट्टे कुलो मर्मत कार्य वापत तुलाचन कन्स्ट्रक्शन प्रा.लि. लाई प्राविधिकको ईस्टिमेट बमोजिमको रु. ५,५,४४,००१/- भुक्तानी दिने ।

ख) कागबेनी-जोमसोम सडक खन्ड अन्तर्गत पाण्डा खोला र फल्याक-शाङ्ता रोड मर्मत कार्य वापत हिमालयन कन्स्ट्रक्शन प्रा.लि. लाई प्राविधिकको इस्टिमेट बमोजिमको रु. ४,३१,९५८/- भुक्तानि दिने ।

ग) वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको वडा नं. १ मुक्तिनाथ मन्दिर गेट नजिक ग्याविन तार जालि लगाउन आवश्यक भएकोमा उक्त क्षेत्रको लागि ५० वटा ग्याविन जालि खरिद वापतको भुक्तानी दिने।

घ) वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. २ बस्ने कमल बहादुर गुरुङको घर वर्षाका कारण भत्कि क्षति भएको भनि निज कमल बहादुर गुरुङको निवेदन र वडा नं. २ को कार्यालयको समेत निवेदन प्राप्त भएको विषयलाई मध्यनजर गरि निजलाई गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट रु. १,५०,०००/- (रु. एक लाख पचास हजार) राहत स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

४) २०७८/०५/२९ गते बाल दिवसका अवसरमा जनशान्ति मा.वि. कागबेनीमा सञ्चालन गरिएको कार्यक्रम वापतको खर्च वारागुङ मुक्तिक्षेत्र गाउँपालिका शिक्षा शाखाको स्थानिय पाठ्यक्रम निर्माण छपाई तथा व्यवस्थापन शिर्षकबाट दिने निर्णय गरियो।

CamScanner